# अमरगढी नगरपालिकाको आर्थिक ऐन, २०८१

**प्रस्तावना :** अमरगढी नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थनीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धरा २२६ वमोजिम अमरगढी नगर सभाले यो ऐन बनाएको छ।

**संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "अमरगढी नगरपालिकाको आर्थिक ऐन २०८१" रहेको छ।

(२) यो ऐन २०८१ साल श्रावण १ गते देखि अमरगढी नगरपालिका क्षेत्रमा लागू हुनेछ।

१. **सम्पत्ती कर :** अमरगढी नगरपालिका क्षेत्र भित्र अनुसूचि (१) वमोजिम सम्पत्ती कर /घर जग्गा कर लगाईने र असुल उपर गरिने छ।

२. **भूमिकर /मालपोत :** अमरगढी नगरपालिका क्षेत्र भित्र अनुसूचि (२) वमोजिम भूमिकर(मालपोत) लगाईने र असुल उपर गरिने छ।

३. **घर वहाल कर :** अमरगढी नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन,घर,पसल,ग्यारेज,गोदाम टहरा,छप्पर,जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि(३) वमोजिम घर जग्गा वहाल कर लगाईने र असुल उपर गरिने छ।

४. **व्यवसाय कर :** अमरगढी नगरपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) वमोजिम व्यवसाय कर लगाईने र असुल उपर गरिने छ।

५. **जडिबुटि,कवाडी र जीवजन्तु कर :** अमरगढी नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले ऊन,खोटो,जडिबुटी,वनकस,कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड,सिङ,प्वाख,५ाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरे वाफत ऊन,खाटो,जडिबुटि,वनकस,कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड,सिङ,प्वाख,छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरेवाफत अनुसूचि (५) वमोजिम कर लगाईने र असुल उपर गरिने छ।

६. **सवारी साधन कर :** अमरगढी नगरपालिका क्षेत्र भित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) वमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिने छ। तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही वमोजिम हुनेछ।

७. **विज्ञापन कर :** अमरगढी नगरपालिका क्षेत्र भित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाईने र असुल उपर गरिने छ। तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही वमोजिम हुनेछ।

८. **मनोरन्जन कर :** अमरगढी नगरपालिका क्षेत्र भित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) वमोजिम व्यवसाय कर लगाईने र असुल उपर गरिने छ। तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही वमोजिम हुनेछ।

९. **वहाल बिटौरी शुल्क :** अमरगढी नगरपालिका क्षेत्र भित्र आफुले निर्माण,रेखदेख वा संचालन गरेका अनुसूचि (९)मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार वहल बिटौरी शुल्क लगाईने र असुल उपर गरिने छ।

१०. **पार्किङ शुल्क :** अमरगढी नगरपालिका क्षेत्र भित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) वमोजिम पार्किङ शुल्क लगाईने र असुल उपर गरिने छ।

११. **ट्रेकिङ्ग, कोयोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्क :** अमरगढी नगरपालिकाले आफ्नो क्षेत्र भित्र ट्रेकिङ्ग, कोयोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग,जिपफ्लायर र र्‍याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवाफत अनुसूचि (११) वमोजिम शुल्क लगाईने र असुल उपर गरिने छ।

१२. **सेवा शुल्क, दस्तुर :** अमरगढी नगरपालिकाले निर्माण,संचालन वा व्यवस्थापन गरेका अनुसूचि (१२) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिने छ।

१३. **पर्यटन शुल्क :** अमरगढी नगरपालिका क्षेत्र भित्र प्रवेश गर्ने पर्यटकहरूबाट अनुसूचि (१३)मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ। तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही वमोजिम हुनेछ।

१४. **कर छुट :** यस ऐन वमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरूलाई कुनै किसिमको कर छुट दिइने छैन। तर सम्पत्तीकर, भुमिकर/मालपोत चालु आ.व.को पौष मसान्त भित्र बुझाउने करदातालाई १० प्रतिशत छुट दिईनेछ।

१५. **कर तथा शुल्क संकलन कार्यबिधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यबिधि अमरगढी नगरपालिकाले तोके अनुसार हुनेछ।

## आ.ब २०८१/०८२ का लागि सम्पत्तीकर र भुमिकर/मालपोतको मूल्यांकनका दर-रेटहरू

अमरगढी नगरपालिका अन्तर्गतका वडाहरू र प्रत्येक वडामा सडक,बिद्युत,खानेपानी,टेलिफोन,टेलिभिजन आदि भौतिक सुबिधा र जग्गाको कारोवारको वास्तविक मूल्य र जिल्ला मालपोत कार्यालय डडेल्धुराले गरेको गत विगत वर्षको मूल्यांकन समेतको आधारमा तपसील वमोजिमका सम्पत्ती र जग्गामा कर प्रयोजनको लागि २०८१।०४।०१ गते देखि लागु हुने गरि घर र जग्गाको न्युनतम मुल्यांकन कायम गरियो।

१. अमरगढी नगरपालिका अन्तर्गत साविक खलंगा गा.बि.स.वडा नं.६/ख,६ग को पिच सडक संग जोडिएको वजार क्षेत्र अन्तर्गत वसपार्क पिपल चौतारा देखि तुफानडांडा चोक सम्म पिच सडकको दाँया बायाँ १५/१५ मिटर छोडी सो देखि ३५ मिटर पछाडी सम्मको जग्गा प्रति आना रु. ५,५०,०००।- (पांच लाख पचास हजार मात्र) र सो भन्दा २०० मिटर पछाडी सम्मका सम्पूर्ण कित्ता जग्गाको प्रति आना रु.२,५०,०००।-(दुई लाख पचास हजार मात्र)।

२. अमरगढी नगरपालिका अन्तर्गत साविक खलंगा गा.बि.स.वडा नं.६ग को पिच सडक संग जोडिएको वजार क्षेत्र अन्तर्गत तुफानडांडा चोक देखि कारागार सम्म पिच सडकको दाँया बायाँ १५/१५ मिटर छोडी सो देखि ३५ मिटर पछाडी सम्मको जग्गा प्रति आना रु. ३,५२,०००।- (तीन लाख वाउन्न हजार मात्र) र सो भन्दा २०० मिटर पछाडी सम्मका सम्पूर्ण कित्ता जग्गाको प्रति आना रु. १,४८,०००।- (एकलाख अठ्चालीस हजार मात्र)।



CamScanner

३. अमरगढी नगरपालिका अन्तर्गत साविक खलंगा गा.बि.स.वडा नं.७ /क तुफानडांडा चोक देखि नगरपालिका जाने बाटो पिच सडक संग जोडिएको वजार क्षेत्र अन्तर्गका कित्ताहरू सडकको दाँया बायाँ १५/१५ मिटर छोडी सो देखि ३५ मिटर पछाडी सम्मको जग्गा प्रति आना रु. ३,५२,०००।- (तीन लाख वाउन्न हजार मात्र) र सो भन्दा २०० मिटर पछाडी सम्मका सम्पूर्ण कित्ता जग्गाको प्रति आना रु. १,२१,०००।- (एकलाख एकीस हजार मात्र)।

४. अमरगढी नगरपालिका अन्तर्गत साविक खलंगा गा.बि.स.वडा नं.७ /भ को तुफानडांडाको पिच सडक संग जोडिएको खानेपानी कार्यालय अगाडी देखि प्राविधिक कार्यालय गेट सम्म पिच सडकको दाँया बायाँ १५/१५ मिटर छोडी सो देखि ३५ मिटर पछाडी सम्मको जग्गा प्रति आना रु. ३,५२,०००।- (तीन लाख वाउन्न हजार मात्र) र सो भन्दा २०० मिटर पछाडी सम्मका सम्पूर्ण कित्ता जग्गाको प्रति आना रु. १,३२,०००।- (एकलाख बत्तीस हजार मात्र)।

५. अमरगढी नगरपालिका अन्तर्गत साविक खलंगा गा.बि.स.वडा नं.८ /च को पिच सडक संग जोडिएको वजार क्षेत्र अन्तर्गत कारगार शाखा देखि किर्तिपुर वजारको बस बिसौनी सम्म पिच सडकको दाँया बायाँ १५/१५ मिटर छोडी सो देखि ३५ मिटर पछाडी सम्मको जग्गा प्रति आना रु. २,८०,०००।- (दुई लाख असी हजार मात्र) र सो भन्दा २०० मिटर पछाडी सम्मका सम्पूर्ण कित्ता जग्गाको प्रति आना रु. १,३२,०००।- (एकलाख बत्तीस हजार मात्र)।

६. अमरगढी नगरपालिका अन्तर्गत साविक भुमिराज टाँटर गा.बि.स.वडा नं.५ /ठ को पिच सडक संग जोडिएको सडकको दाँया बायाँ १५/१५ मिटर छोडी सो देखि ३५ मिटर पछाडी सम्मको जग्गा प्रति आना रु. २,८०,०००।- (दुई लाख असी हजार मात्र) र सो भन्दा २०० मिटर पछाडी सम्मका सम्पूर्ण कित्ता जग्गाको प्रति आना रु. १,३२,०००।- (एकलाख बत्तीस हजार मात्र)।

७. अमरगढी नगरपालिका अन्तर्गत साविक खलंगा गा.बि.स.वडा नं.५/ख स्याउले बजार क्षेत्र पिच सडकको दाँया बायाँ २५/२५ मिटर छोडी सो देखि ३५ मिटर पछाडी सम्मको जग्गा प्रति आना रु. २,४०,०००।- (दुई लाख चालिस हजार मात्र) र सो देखि पछाडी २०० मिटर सम्म पछाडीका सम्पूर्ण कित्ता जग्गाको प्रति आना रु. ९५,०००।- (पन्चानब्बे हजार मात्र)।

८. अमरगढी नगरपालिका अन्तर्गत साविक डोटीघटाल र गणेशपुर गा.बि.स.वडा नं.१÷च ढुनढुने पेट्रोल पम्प देखि दह व्यारेक संग जोडिएको कित्ताहरू र सडकको दाँया बायाँ २५/२५ मिटर छोडी सो देखि ३५ मिटर पछाडी सम्मको जग्गा प्रति आना रु. १,८१,०००।- (एक लाख एकासी हजार मात्र)।

९. अमरगढी नगरपालिका अन्तर्गत साविक भुमिराज टांटर गा.बि.स.वडा नं.३ डकले देखि भागेश्वर मा.बि. सम्मको पिच सडक संग जोडिएको उल्लेखित कित्ताहरू र यसमा छुट हुन गएका सडकको दाँया बायाँ १५/१५ मिटर छोडी सो देखि ३५ मिटर पछाडी सम्मको कित्ता जग्गा प्रति आना रु. १,८२,०००।- (एक लाख बयासी हजार मात्र)।

१०. अमरगढी नगरपालिका अन्तर्गत साविक भुमिराज टांटर गा.बि.स. भागेश्वर मा.बि. देखि सल्लाघारी जोडने सडकको दाँया बायाँ १५/१५ मिटर छोडी सो देखि ३५ मिटर पछाडी सम्मको कित्ता जग्गा प्रति आना रु. १,००,०००।- (एक लाख मात्र)।

११. अमरगढी नगरपालिका अन्तर्गत साविक भुमिराज टांटर गा.बि.स.वडा नं.३/च को पिच सडकको दाँया

बायाँ १५/१५ मिटर छोडी सो देखि ३५ मिटर पछाडी सम्मको कित्ता जग्गा प्रति आना रु. १,५४,०००।- (एक लाख चौवन्न हजार मात्र)।

१२. अमरगढी नगरपालिका अन्तर्गत साविक भुमिराज टाँटर गा.बि.स.वडा नं.२/घ को पिच सडकको जग्गा दाँया बायाँ १५/१५ मिटर छोडी सो देखि ३५ मिटर पछाडी सम्मको कित्ता जग्गा प्रति आना रु. १,५४,०००।- (एक लाख चौवन्न हजार मात्र)। र सहायक बाटोमा पर्ने कित्ताको प्रति आना रु.५०,०००।-(पचास हजार)र साविक भुमिराज टाँटर गा.बि.स.वडा नं.२/ख,वडा नं.२ ट,वडा नं.१/ङ को पिच सडकको जग्गा दाँया बायाँ १५/१५ मिटर छोडी सो देखि ३५ मिटर पछाडी सम्मको कित्ता जग्गा प्रति आना रु.१,२०,०००।-(एक लाख वीस हजार मात्र) ।

१३. अमरगढी नगरपालिका अन्तर्गत साविक उग्रतारा गा.बि.स.वडा नं.५/क,८/ङ को पिच सडकको दाँया बायाँ १५/१५ मिटर छोडी सो देखि ३५ मिटर पछाडी सम्मको कित्ता जग्गा प्रति आना रु. १,५४,०००।- (एक लाख चौवन्न हजार मात्र)।

१४. अमरगढी नगरपालिका अन्तर्गत साविक उग्रतारा गा.बि.स.वडा नं.१/छ,१/घ,१/ञ को पिच सडकको दाँया बायाँ १५/१५ मिटर छोडी सो देखि ३५ मिटर पछाडी सम्मको कित्ता जग्गा प्रति आना रु. ४०,०००।- (चालिस हजार मात्र)। र सोदेखि पछाडी २०० मिटर सम्म सम्पूर्ण जग्गाहरूको प्रति आना रु. १६,५००।- (सोह्र हजार पाँच सय मात्र)।

१५. अमरगढी नगरपालिका अन्तर्गत साविक उग्रतारा गा.बि.स.वडा नं.५/ख सडकको दाँया बायाँ १५/१५ मिटर छोडी ३५ मिटर पछाडी सम्मको कित्ता जग्गा प्रति आना रु. ३८,५००।- (अठ्तीस हजार पाँच सय मात्र)। र वडा नं. ५ /ङ को सडकको दाँया बायाँ १५/१५ मिटर छोडी ३५ मिटर पछाडी सम्मको कित्ता जग्गा प्रति आना रु. २२,०००।- (वाइस हजार मात्र)।

१६. अमरगढी नगरपालिका अन्तर्गत साविक उग्रतारा गा.बि.स.वडा नं.८/क,८/घ,८/ङ को सडकको दाँया बायाँ १५/१५ मिटर छोडी ३५ मिटर पछाडी सम्मको कित्ता जग्गा प्रति आना रु. १,२१,०००।- (एक लाख एक्काईस हजार मात्र)।

१७. अमरगढी नगरपालिका अन्तर्गत साविक उग्रतारा गा.बि.स.वडा नं.९/क,९/ख,७/क,७/घ को सडकको दाँया बायाँ १५/१५ मिटर छोडी ३५ मिटर पछाडी सम्मको कित्ता जग्गा प्रति आना रु. ६६,०००।- (छैसठ्ठी हजार मात्र)।

१८. अमरगढी नगरपालिका अन्तर्गत साविक उग्रतारा गा.बि.स.वडा नं.७/ज को सडकको दाँया बायाँ १५/१५ मिटर छोडी ३५ मिटर पछाडी सम्मको कित्ता जग्गा प्रति आना रु. २५,०००।- (पच्चीस हजार मात्र)।

१९. अमरगढी नगरपालिका अन्तर्गत साविक खलंगा गा.बि.स.वडा नं.६ /ख अन्तर्गत तुफानडांडा चोक देखि किल्ला खानेपानी टंकी सम्म बिद्युत प्राधिकरण जाने र शिक्षा कार्यालय हुँदै जाने दुई वटै पिच सडक संग जोडिएको सडकको दाँया बायाँ १५/१५ मिटर छोडी सो देखि ३५ मिटर पछाडी सम्मको जग्गा प्रति आना रु. ३,२५,०००।- (तीन लाख पच्चीस हजार मात्र) र जिल्ला प्रशासनको गेट सम्म पिच पिच सडक संग जोडिएको जग्गा प्रति आना रु. १,२१,०००।- (एकलाख एक्काइस हजार मात्र)।

२०. अमरगढी नगरपालिका अन्तर्गत साविक खलंगा गा.बि.स.वडा नं.६ /ख अन्तर्गत नर्सिङ भैरव मन्दिर देखि जिल्ला अस्पताल पिच सडक संग जोडिएको सडकको दाँया बायाँ १५/१५ मिटर छोडी सो देखि ३५ मिटर



CamScanner

पछाडी सम्मको जग्गा प्रति आना रु. २,४२,०००।- (दुई लाख बयालीस हजार मात्र)।

२१. अमरगढी नगरपालिका अन्तर्गत साविक खलंगा गा.बि.स.वडा नं.२ र १ /ख अन्तर्गत प्रशासन कार्यालयको गेट देखि टुडिखेल गेट सम्म सडकको दाँया बायाँ १५/१५ मिटर छोडी सो देखि ३५ मिटर पछाडी सम्मको जग्गा प्रति आना रु. २,१५,०००।- (दुई लाख पन्ध्र हजार मात्र)।

२२. टुडिखेल गेट देखि सिर्ष्याथान सडक संग जोडिएको जग्गा प्रति आना रु. १,७५,०००।-(एक लाख पचहत्तर हजार मात्र) र टुडिखेल गेट देखि ऐंसेलुभ्फाडी सम्म सडक संग जोडिएको जग्गा प्रति आना रु. ८०,०००।-(असी हजार मात्र)।

२३. अमरगढी नगरपालिका अन्तर्गत साविक खलंगा गा.बि.स.वडा नं.६/ख अन्तर्गत महेश्वरी होटल ठाडो खुड्कीला र तुफानडाँडा साबिक महिला बिकास कार्यालय सम्म सडकको दाँया बायाँ १५/१५ मिटर छोडी सो देखि ३५ मिटर पछाडी सम्मको जग्गा प्रति आना रु. १,७५,०००।- (एक लाख पचहत्तर हजार मात्र)।

२४. बैतडी जाने सडक देखि उत्तर नेपाल बिद्युत प्राधिकरण देखि दक्षिण सडक देखि भित्रको जग्गा प्रति आना रु.१,७०,०००।-(एक लाख सत्तरी हजार मात्र)।

२५. बाग बजार भिम दत्त चोक देखि जिल्ला प्रशासनको गेट सम्म सडकको दाँया बायाँ ३५ मिटर सम्म सडक संग जोडिएको जग्गा प्रति आना रु.१,८१,०००।-(एक लाख एकासी हजार मात्र)।

२६. बाग बजार भिम दत्त चोक देखि जिल्ला प्रशासनको गेट सम्म पिच सडक देखि दक्षिण शिर्ष्याथान सामुदायिक वन क्षेत्रको सिमाना देखि उत्तर सडक देखि भित्री भागको जग्गा प्रति आना रु.१,१०,०००।-(एक लाख दश हजार मात्र)। र बागबजार बगरकोट सडकको पहिलो मोड हुँदै टुडिखेल सडक सम्म सडक छोडी दायाँ वायाँ सडक संग जोडिएको जग्गा प्रति आना रु.१,२१,०००।-(एक लाख एक्काईस हजार) मात्र।

२७. शिक्षा कार्यालय वाल मन्दिर हुँदै किल्ला सडक संग जोडिएको जग्गा प्रति आना रु.१,५०,०००।- (एक लाख पचास हजार मात्र) ।

२८. तुफानडांडा चोक देखि डडेल्धुरा अस्पतालको गेट सम्म पिच सडक संग जोडिएको जग्गा प्रति आना रु.२,३१,०००।- (दुई लाख एकतीस हजार मात्र)।, डडेल्धुरा अस्पतालको गेट देखि ठुलधारा सम्म सडक संग जोडिएको जग्गा प्रति आना रु. १,०६,०००।- (एकलाख छ हजार मात्र)। र ठुलधारा देखि ऐंसेलुभ्फारी हुँदै टुडिखेल आइत सडक सम्म जोडिएको कित्ताहरू प्रति आना रु.७५,०००।-(पचहत्तर हजार मात्रा) र यस वाहेक सडकको दायाँ वायाँ ३५ मिटर पछाडी २०० मिटर सम्म प्रति आना रु.५००००।-(अक्षरेपी पचास हजार मात्र)।

२९. बागबजार पिपल चौतारी देखि बगरकोट सडकको पहिलो मोड सम्म सडक संग जोडिएको कित्ताको जग्गा प्रतिआना रु.२,७५,०००।-(अक्षरेपी दुईलाख पचहत्तर हजार मात्र)।

३०. अमरगढी नगरपालिका अन्तर्गत बगरकोट सडकको पहिलो मोड देखि आईत बजार पिपल चौतारीको उत्तर पुर्व खोल्सी सम्म सडक संग जोडिएको जग्गा जग्गा प्रति आना रु. ४२,०००।- (बयालीस हजार मात्र)। आइत बजार चौतारिको उत्तरपूर्व खाल्सी देखि घटाल वावाको मन्दिर जाने बाटोको चोक सम्म प्रति आना रु.६०,०००।-(साठी हजार मात्र ।)

३१. घटाल मन्दिर जाने चोक देखि घटाल मन्दिर पिच सडक सम्म सडकको दायाँ वायाँ सडक संग जोडिएको



CS CamScanner

जग्गा प्रति आना रु.५०,०००।- (पचास हजार मात्र)।, र घटाल मन्दिर देखि चिरकिट्टे सडक संग जोडिएको कित्ताहरू प्रति आना रु.३०,०००।-(तीस हजार मात्रा) र लरडा कोटेउडा हुँदै भागेश्वरगा.पा.जाने सकड संग जोडिएका जग्गाको प्रति आना रु.३०,०००।-(तीस हजार मात्रा) ।

३२. अमरगढी नगरपालिका अन्तर्गत बाटिका नाउला देखि घटाल सोल्परी बीरखम्व सम्म जाने सडक को दायाँ वायाँ सडक संग जोडिएको जग्गा जग्गा प्रति आना रु.५४,०००।- (चौवन्न हजार मात्र)। र बिरखम्ब स्कुल देखि घटालथान सम्म सडक संग जोडिएको कित्ताहरू प्रति आना रु.४७,०००।-(सत्चालीस हजार मात्र ।)

३३. जिल्ला कारागार शाखा जोगेनी स्थान देखि अजयमेरु कोट जाने सेलागाऊँ बाटो सम्म सडक को दायाँ वायाँ सडक संग जोडिएको जग्गा जग्गा प्रति आना रु.६८,०००।- (अठ्सट्टी हजार मात्र)। र सेलागाउँ जाने बाटो देखि अजयमेरुकोट जाने भुर्काली बाटो सम्म सडक संग जोडिएको कित्ताहरू प्रति आना रु.४२,०००।-(वयालीस हजार मात्र ।)

३४. अमरगढी नगरपालिका अन्तर्गत किर्तपुर बस बिसौनी देखि भन्केपानी सम्म सडकको दाँया बायाँ सडक संग जोडिएको कित्ताहरू प्रति आना रु.८०,०००।-(असी हजार मात्र ।)भन्केपानी देखि मेलडाडां सम्म सडकको दाँया बायाँ सडक संग जोडिएको कित्ताहरू प्रति आना रु.४५,०००।-(पैंचालीस हजार मात्र ।)र बागचौर देखि वकण्डे,खुल्लेक गाऊँ सम्म सडक संग जोडिएको कित्ताहरू प्रति आना रु.४२,०००।-(वयालीस हजार मात्र)।

३५. अमरगढी नगरपालिका स्थित खोटो अफिस देखि धमलेक,डोर,जाने सडक र मौरडा चालिस मोड सम्म सडक संग जोडिएको जग्गा कित्ताहरू प्रति आना रु.४२,०००।-(वयालीस हजार मात्र)।

३६. साबिक डोटी घटाल गा.बि.स.चासिसको मोड देखि वैजनाथ मा.बि.मौरडा मा.बि.हुदै मौरडा गाऊँ सम्म जाने ग्रामिण सडक संग जोडिएको सम्म सडक संग जोडिएको कित्ताहरू प्रति आना रु.४२,०००।-(वयालीस हजार मात्र)।

३७. साबिक भुमिराज गा.बि.स.स्थित डकले देखि टोटे सिलंगा रातागौन बैतडी सडकको दायाँ वायाँ सडक संग जोडिएको सम्म सडक संग जोडिएको कित्ताहरू प्रति आना रु.१,३०,०००।-(एक लाख तीस हजार मात्र)। र टोटे सिलंगा देखि खनमडा जाने बाटो संग कित्ताहरू प्रति आना रु.४०,०००।-(चालीस हजार मात्र)।

३८. साबिक डोटी घटाल गा.बि.स हाल अ.न.पा.१ तडीबाटा सडक देखि २५/२५ मिटर छोडी दायाँ/बायाँ सडक संग जोडिएको कित्ताहरू प्रति आना रु.५०,०००।-(पचास हजार मात्र)।

३९. अमरगढी नगरपालिका अन्तर्गत स्याउले बजार देखि रडुवा खोला सम्म सडक देखि २५/२५ मिटर छोडी दायाँ/बायाँ सडक संग जोडिएको कित्ताहरू प्रति आना रु.३६,०००।-(छत्तीस हजार मात्र)।

४०. स्याउले बजार देखि बागबजार पिपलचौतारी सम्म पिच सडक बाट २५/२५ मिटर छोडी २०० मिटर पछाडी सम्म कित्ताहरू प्रति आना रु.८५,०००।-(पन्चासी हजार मात्र)। स्याउले सडक देखि मालम गाऊँ सम्म सडक संग दायाँ/वायाँ जोडिएको कित्ताहरू प्रति आना रु.३६,०००।-(छत्तीस हजार मात्र)।

४१. अमरगढी नगरपालिका वडा नं.१ दह ब्यारेक देखि साविक असिग्राम गा.बि.स.भेटा सम्म दह ब्यारेक सडक संग जोडिएको जग्गा प्रति आना रु.२४,०००।-(चौवीस हजार मात्र)।

४२. अमरगढी नगरपालिकाको कार्यालय देखि धमतोला सडक संग जोडिएको जग्गा प्रति आना रु.१,१५,०००।-(



CamScanner

एक लाख पन्ध्र हजार मात्र)।

४३. रानीधारा देखि अमरगढी किल्ला र साविकको जिल्ला अस्पताल सम्म सडकको दायाँ वायाँ सडक संग जोडिएको जग्गा कित्ताहरू प्रति आना रु.२,४२,०००।-(दुई लाख बयालीस हजार मात्र)।

४४. अमरगढी नगरपालिका अन्तर्गत रतागौन सव सेन्टर देखि देखि पोखरा वजार साकि उग्रतारा पोखरा गा.वि.स.का वडा नं.७/घ सडकको दायाँ/वायाँ सम्म सडक देखि १५/१५ मिटर छोडी ३५ मिटर पछाडी सम्म सडक संग जोडिएको कित्ताहरू प्रति आना रु.२,२०,०००।-(दुईलाख वीस हजार मात्र)।

४५. अमरगढी नगरपालिका अन्तर्गत खनमडा देखि शल्लेश्वर गाड सम्म सडक संग जोडिएका जग्गा कित्ताहरू प्रति आना रु.२००००।-(वीस हजार मात्रा)

४६. अमरगढी नगरपालिका अन्तर्गत पोखरा तिलाडी सडक संग जोडिएका जग्गा कित्ताहरू प्रति आना रु.३६०००।-(छत्तीस हजार मात्रा)।

४७. अमरगढी नगरपालिका अन्तर्गत पोखरा भटगाऊँ सडक संग जोडिएका जग्गा कित्ताहरू प्रति आना रु.१२०००।-(बाह्र हजार मात्रा)।

४८. अमरगढी नगरपालिका अन्तर्गत आइत -सुनेडा -भलिया-हरडी-दोगाड-कोटकाँडे सडक संग जोडिएका जग्गा कित्ताहरू प्रति आना रु.१२०००।- (बाह्र हजार मात्रा)।

४९. अमरगढी नगरपालिका अन्तर्गत रातागौन देखि भजन्यौटा (भजनपुर) सम्म पिच सडक संग जोडिएका जग्गा कित्ताहरू प्रति आना रु.१,००,०००।- (एक लाख मात्रा) र भजनपुर देखि छचोडा भजनपुर देखि दुमडा दायाँ/वायाँ सडक संग जाडिएका जग्गा कित्ताहरू प्रति आना रु.१२०००।-(बाह्र हजार मात्रा)अमरगढी नगरपालिका अन्तर्गत भालुमारे बजार देखि अनारखोली बजार सम्मको साविक उग्रतारा पोखरा गा.बि.स.का वडा नं.७/घ सडकको दायाँ वायाँ १५/१५ मिटर छोडी ३५ मिटर पछाडी सम्मको जग्गा प्रति आना रु.१,६५,०००।-(एक लाख पैंसट्टी हजार मात्रा),पोखरी देखि खम्रेखान सम्म १,८१,०००।-(एक लाख एकासी हजार मात्र ।पोखरा बजार देखि पुरानो पोखरा अस्पताल सम्म सडक संग जोडिएका कित्ताहरू प्रतिआना रु.१,५०,०००।-एक लाख पचास हजार मात्र ।

पुनश्चः माथि उल्लेख भएको सम्पत्तीको न्युनतम मूल्यांकन भन्दा कम नहुने गरि व्यक्ति स्वयमले आफ्नो सम्पत्तीको स्व मुल्यांकन गर्न सक्नेछ ।

CamScanner

## सडक क्षेत्र वाहेक अन्य जग्गाको मूल्याङ्कन दर प्रति रोपनी

| क्र सं. | साविक गा.वि.स. | हाल कायम वडा नं. | जग्गाको किसिम : प्रति रोपनि रु हजारमा | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | खेत | | | | पाखो | | | | |
| | | | अब्बल | दोयम | सिम | चाहार | अब्बल | दोयम | सिम | चाहार | खर प्रति बाँझो |
| १ | घटाल डोटी | १, २, ३ | ७९ | ७३ | ६७ | ६१ | ६१ | ५४ | ४८ | ४२ | ३६ |
| २ | भूमिराज | ८, ९ | ६७ | ६१ | ५४ | ४८ | ६१ | ५४ | ४८ | ४२ | ३६ |
| ३ | उग्रतारा | ६, ७ | ७३ | ६७ | ६१ | ५४ | ४८ | ४६ | ४१ | ३४ | २७ |
| ४ | सहस्रलिङ्ग | १, १०, ११ | ६१ | ५४ | ४८ | ४२ | ४८ | ४२ | ३६ | ३० | २७ |
| ५ | खलंगा १ | १, ४ | २७५ | २७५ | २७५ | २७५ | २५० | २५० | २५० | २५० | २५० |
| ६ | खलंगा २ | ४ | १५७ | १५१ | १४५ | १३९ | १४५ | १४५ | १३९ | १३१ | १२१ |
| ७ | खलंगा ३ | ४ | ८५ | ७९ | ७५ | ७० | ७९ | ७३ | ७३ | ६१ | ५४ |
| ८ | खलंगा ४ | ४ | ७९ | ७० | ६३ | ५८ | ७३ | ६७ | ५८ | ५३ | ४८ |
| ९ | खलंगा ५ | ५ | १५७ | १३९ | १२० | ११५ | १५७ | १३९ | १३३ | १२० | ११५ |
| १० | खलंगा ६ | ५ | ३५० | ३२५ | ३२० | ३१५ | ३७५ | ३५० | ३२५ | ३१५ | २७५ |
| ११ | खलंगा ७ | ५ | १५७ | १५१ | १४५ | १३९ | १४५ | १४५ | १३९ | १३१ | १२१ |
| १२ | खलंगा ८ | ५ | ७३ | ६७ | ६१ | ५४ | १६३ | १५१ | १४५ | १३३ | ५४ |
| १३ | खलंगा ९ | ४ | ७३ | ६७ | ६१ | ५४ | ७३ | ६७ | ६१ | ५४ | ४८ |

## भौतिक संरचनाको मूल्यांकन दर

| क्षेत्र | संरचनाप्रति वर्ग फिट रु. | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | आर.सि.सि. फ्रेम स्टक्चर | | सिमेण्ट जोडाईमाइट्टावा ढुङ्गाको गारो - आर.सि.सि. छाना | | माटोको जोडाईमाइट्टावा ढुङ्गाको गारो - आर.सि.सि. वा सिमेण्ट जोडाईमा इट्टावा ढुङ्गाको गारो-जस्ता/टायलको छाना | | माटोको जोडाईमा इट्टा वा ढुङ्गाको गारो - जस्ता/टायलको छाना | | सेड वा कच्ची घर | |
| | ब्यापारिक, औद्योगिक तथा संस्थागत | बसोवास | ब्यापारिक, औद्योगिक तथा संस्थागत | बसोवास | ब्यापारिक, औद्योगिक तथा संस्थागत | बसोवास | ब्यापारिक, औद्योगिक तथा संस्थागत | बसोवास | ब्यापारिक, औद्योगिक तथा संस्थागत | बसोवास |
| प्रस्तावित मूल्य प्रति व.फि.रु | ८००।- | ८००।- | ६००।- | ६००।- | ५५०।- | ५५०।- | ५००।- | ५००।- | ४५०।- | ४५०।- |
| प्रति वर्ष टुटफुट कट्टी दर प्रतिशत | ०.७५ | ०.७५ | १.०० | १.०० | २.०० | २.०० | ३.०० | ३.०० | ४.०० | ४.०० |
| कट्टी गर्ने जम्मा वर्ष | १०० | १०० | ७० | ७० | ३० | ३० | २५ | २५ | २० | २० |
| घरको मूल्याङ्कन गर्दा भूईतला देखि माथिको मूल्याङ्कन | प्रति तला ३० प्रतिशत कम | प्रति तला ३० प्रतिशत कम | प्रति तला २० प्रतिशत कम | प्रति तला २० प्रतिशत कम | प्रति तला १५ प्रतिशत कम | प्रति तला १५ प्रतिशत कम | प्रति तला १५ प्रतिशत कम | प्रति तला १५ प्रतिशत कम | प्रति तला १५ प्रतिशत कम | प्रति तला १५ प्रतिशत कम |



CamScanner

## अनुसूची-१

## सम्पत्ति करको दर

| | मुल्यांकन कर योग्य जगा र सम्पत्तिको मूल्य रु. | बार्षिक दर रु. |
|---|---|---|
| | १ देखी २ लाख ५० हजार रुपैया सम्म | एकमुष्ठ रु.२५।- |
| | २ लाख ५० हजार १देखी ५ लाख सम्म | एकमुष्ठ रु.५०।- |
| | ५ लाख एक देखी १० लाख सम्म | एकमुष्ठ रु.२००।- |
| | १० लाख १ देखी १५ लाख सम्म | एकमुष्ठ रु.३००।- |
| | १५ लाख १ देखी २० लाख सम्म | एकमुष्ठ रु.४००।- |
| | २० लाख १ देखी २५ लाख सम्म | एकमुष्ठ रु.६७०।- |
| | २५ लाख १ देखी ३० लाख सम्म | एकमुष्ठ रु.१०००।- |
| | ३० लाख १ देखी ३५ लाख सम्म | एकमुष्ठ रु.१२००।- |
| | ३५ लाख १ देखी ४० लाख सम्म | एकमुष्ठ रु.१८००।- |
| | ४० लाख १ देखी ४५ लाख सम्म | एकमुष्ठ रु.२४००।- |
| | ४५ लाख १ देखी ५० लाख सम्म | एकमुष्ठ रु.३०००।- |
| | ५० लाख १ देखी ५५ लाख सम्म | एकमुष्ठ रु.३३००।- |
| | ५५ लाख १ देखी ६० लाख सम्म | एकमुष्ठ रु.३५००।- |
| | ६० लाख १ देखी ६५ लाख सम्म | एकमुष्ठ रु.४५००।- |
| | ६५ लाख १ देखी ७० लाख सम्म | एक मुष्ठ रु.५२००।- |
| | ७० लाख १ देखी ७५ लाख सम्म | एक मुष्ठ रु.६१००।- |
| | ७५ लाख १ देखी ८० लाख सम्म | एक मुष्ठ रु.६८००।- |
| | ८० लाख १ देखी ८५ लाख सम्म | एक मुष्ठ रु.७७००।- |
| | ८५ लाख १ देखी ९० लाख सम्म | एक मुष्ठ रु.८४००।- |
| | ९० लाख १ देखी ९५ लाख सम्म | एक मुष्ठ रु.९२००।- |
| | ९५ लाख १ देखी १ करोड सम्म | एक मुष्ठ रु.१०,०००।- |
| | १ करोड १ देखी १ करोड ५० लाख सम्म | एक मुष्ठ रु.१५,०००।- |
| | १ करोड ५० लाख १ देखी २ करोड सम्म | एक मुष्ठ रु.२०,०००।- |
| | २ करोड १ देखी २ करोड ५० लाख सम्म | एक मुष्ठ रु.२५०००।- |
| | २ करोड ५० लाख १ देखी ३ करोड सम्म | एक मुष्ठ रु.३२०००।- |
| | ३ करोड १ देखी ३ करोड ५० लाख सम्म | एक मुष्ठ रु.३९०००।- |
| | ३ करोड ५० लाख १ देखी ४ करोड सम्म | एक मुष्ठ रु.४६०००।- |
| | ४ करोड १ देखी ४ करोड ५० लाख सम्म | एक मुष्ठ रु.५३०००।- |
| | ४ करोड ५० लाख १ देखी ५ करोड सम्म | एक मुष्ठ रु.६००००।- |
| | ५ करोड १ देखी ५ करोड ५० लाख सम्म | प्रति हजार रु.दई थप |



CamScanner

## अनुसूची २

## मालपोत/भुमिकरका दर

| सि.न. | राजस्वको क्षेत्रहरू | चालु आ.व.२०८०।८१ को दर | आ.व.२०८१।८२ को दर | कैफियत |
|---|---|---|---|---|
| १ | जग्गाको मुल्यांकनका आधारमा सम्पत्तीकर लाग्ने जग्गामा वाहेक बाँकी जग्गामा अनुसूची १ मा उल्लेख भएको मूल्यांकन अनुसार नै वार्षिक एक मुष्ट भुमिकर/मालपोत लाग्नेछ। | मुल्यांकनका आधारमा एकमुष्ट | मुल्यांकनका आधारमा एकमुष्ट | |
| २ | सम्पत्तीकर,भूमिकर/मालपोत बक्यौतामा जरिवाना १ वर्षको | २० प्रतिशत | २० प्रतिशत | |
| | सम्पत्तीकर,भूमिकर/मालपोत बक्यौतामा जरिवाना १ वर्ष भन्दा माथिको | ३० प्रतिशत | ३० प्रतिशत | |
| ३. | सम्पत्तीकर, भूमिकर /मालपोत चालु आ.व.को पौष मसान्त भित्र बुझाउनेलाइ छुट | १० प्रतिशत | १० प्रतिशत | |

**कर नलाग्ने**

क) नेपाल सरकार प्रदेश सरकार वा स्थानीय सरकारको स्वामित्वमा रहेको घर र जग्गा।

ख) सरकारी अस्पतालको भवन र जग्गा।

ग) गुठीको स्वामित्वमा रहेको भवन र जग्गा।

घ) धार्मिक संस्था (मन्दिर, गुम्वा, चर्च, मस्जिद आदि) को भवन र जग्गा।

ङ) खानेपनी संकलन पोखरी, हवाई मैदान, विद्युत उत्पादक गृह, मसान घर, वसपार्क, रंगशाला, उद्यान पार्क जस्ता सार्वजनिक उपयोगका स्थलहरू।

च) राजदुतावास, वाणिज्य नियोग, कुटनैतिक नियोगका भवन र जग्गा।

CamScanner

## अनुसूची ३

## घर जग्गा बहाल कर

| सि. नं. | राजस्वको क्षेत्रहरू | | चालु आ.व. २०८०।८१ को दर | आ.व. २०८१।८२ को दर | कैफियत |
|---|---|---|---|---|---|
| १ | घर वहाल कर<br>यस न.पा.क्षेत्र भित्र आफ्नो घर पसल ग्यारेज वा गोदाम,टहरा कल कारखाना,जग्गा पुर्ण वा आंशिक रुपमा वहालमा दिएकोमा सम्वन्धित धनीवाट वहाल रकमको १० प्रतिशत वहाल कर लिने । घर वहाल कर लाई प्रभावकारी बनाउन क्षेत्रगत रुपमा निर्धारण गरीएको भाडादर तपशील अनुसार हुनेछ । | | १० प्रतिशत | १० प्रतिशत | |
| | बसपार्क देखी भिमदत्त चोक | तल्लो तला | ५०००।- | ५०००।- | |
| | | मल्लो तला | ३०००।- | ३०००।- | |
| | भिमदत्त चोक देखी जोशी पुस्तक पसल सम्म | तल्लो तला | ३०००।- | ३०००।- | |
| | | मल्लो तला | २०००।- | २०००।- | |
| | भिमदत्त चोक देखी रानिधारा सम्म | तल्लो तला | ४०००।- | ४०००।- | |
| | | मल्लो तला | २५००।- | २५००।- | |
| | बसपार्क पिपल चौतारो देखी बगरकोट रोड | तल्लो तला | ३०००।- | ३०००।- | |
| | | मल्लो तला | २०००।- | २०००।- | |
| | रानीधारा देखी नगरपालिका गेट सम्म | तल्लो तला | ३०००।- | ३०००।- | |
| | | मल्लो तला | २०००।- | २०००।- | |
| | नगरपालीका गेट देखी कृतिपुर सिसोर्ट सम्म | तल्लो तला | १०००।- | १०००।- | |
| | | मल्लो तला | ५००।- | ५००।- | |
| | तुफानडाँडा चर्च देखी शिक्षा रोड र विद्युत रोड समेत जिल्ला प्रशासन सम्म | तल्लो तला | १५००।- | १५००।- | |
| | | मल्लो तला | १०००।- | १०००।- | |
| | जिल्ला प्रशासन देखी टुडीखेल सम्म | तल्लो तला | १०००।- | १०००।- | |
| | | मल्लो तला | ५००।- | ५००।- | |
| | पोखरा बजार | प्रति तला | १०००।- | १०००।- | |
| | स्याउले बजार | प्रति तला | १०००।- | १०००।- | |
| | तडीबाटा | प्रति तला | १०००।- | १०००।- | |
| | आईतबजार,सल्लाघारी,राई,भज्यौटा | प्रति तला | ५००।- | ५००।- | |

CamScanner

# अनुसूची ४

## व्यवसाय कर

| सि. नं. | राजस्वको क्षेत्रहरू<br>व्यवसाय दर्ता तथा नविकरण वार्षिक | आ.व. २०८०/०८१ को दर | आ.व. २०८१।८२ को दर | कैफियत |
|---|---|---|---|---|
| १ | क्यासेट रिकर्डर तथा प्लेयर,भिडियो,क्यासेट भाडामा दिने (डि.जे.), टेन्ट आदी भाडामा दिने। | ११००।- | ११००।- | |
| २ | नेट ईन्टरनेट संचालक कम्पनी | १०,०००।- | १०,०००।- | |
| ३ | डिस एन्टीना राखी केबुल लाईन प्रसारण व्यवसायीलाई | ३३००।- | ३३००।- | |
| ४ | निर्माण सामग्री तथा हार्डवेयर (१० लाख भन्दा माथि कारोबार भएको) | ३३००।- | ३३००।- | |
| ५ | निर्माण सामग्री तथा हार्डवेयर (१० लाख भन्दा मुनि कारोबार भएको) | १६५०।- | १६५०।- | |
| ६ | फेन्सी तथा रेडीमेट पसल, किराना पसल, जुत्ता चप्पल पसल,कस्मेटीक पसल, बिजुली तथा सोलार सम्बन्धी पसल, छ्पाई सेवा उद्योग, अपसेट प्रेस, स्टेसनरी पसल,भाँडावर्तन पसल, सुनचाँदी पसल, मोबाईल तथा ईलेक्ट्रोनिक पसल,मोटरसाईकल मर्मत सेवा, काष्ट उद्योग, ग्रिल उद्योग, फर्निचर उद्योग, एवं अन्य कारोबार गर्ने जुनसुकै होलसेल व्यवसाय गर्ने व्यवसायी | २७५०।- | २७५०।- | |
| ७ | फेन्सी तथा रेडीमेट पसल, किराना पसल, जुत्ता चप्पल पसल,कस्मेटीक पसल, बिजुली तथा सोलार सम्बन्धी पसल, छ्पाई सेवा उद्योग, अपसेट प्रेस, स्टेसनरी पसल,भाँडावर्तन पसल, सुनचाँदी पसल, मोबाईल तथा ईलेक्ट्रोनिक पसल,ग्यास सिलिन्डर बिक्रेता, कुटाई, पिसाई, पेलाई मिल, (सामान्य खाजा, खाना, नास्ता पसल), दुग्ध डेरी, पिकनिक स्पोर्ट,बिदेशी मुद्रा सटही एवं अन्य कारोबार गर्ने जुनसुकै खुद्रा व्यवसाय गर्ने व्यवसायी | १५००।- | १५००।- | |



CamScanner

| सि. नं. | राजस्वको क्षेत्रहरू<br>व्यवसाय दर्ता तथा नविकरण वार्षिक | आ.व. २०८०/०८१ को दर | आ.व. २०८१।८२ को दर | कैफियत |
|---|---|---|---|---|
| ८ | किराना पसल, कस्मेटीक पसल,फोटोग्राफी भिडियोग्राफी ब्यबसायी मोबाईल तथा ईलेक्ट्रोनिक पसल मर्मत,चस्मा पसल, मर्मत सेन्टरहरू,सिलाई कटाई तालीम सेन्टर, कुरीयर सेवा, माछा मासु बिक्रेता, साना उद्योगहरू ( पाउरोटी, मसला एवं ), (कुखुरा पालन, बाख्रा पालन एवं सम्पूर्ण कृषि पशु संग सम्बन्धीत ब्यावसायीक फर्महरू ) एवं अन्य कारोबार गर्ने जुनसुकै सानो खुद्रा ब्यवसाय गर्ने ब्यवसायी | ८००।- | ८००।- | |
| ९ | नेपाल आयल निगमको डिलर | ४५००।- | ४५००।- | |
| १० | उन, स्वदेशी घरेलु कपडा उद्योग,हाते होजियारी | ७००।- | ७००।- | |
| ११ | केश श्रृंगार हजाम (नाई), ब्युटी पार्लर, टेलरिङ सेन्टर, गाडीको टायर मर्मत, चाउमिन उद्योग, बैदेशिक रोजगार सेवा, लुगा धुने (ड्राईक्लीनिक्स) | १३००।- | १३००।- | |
| १२ | रियल स्टेट, खोटो संकलन केन्द्र, मसाज पार्लर, रिसोर्ट, दोहरी साँझहरू, बार रेस्टुरेन्टहरू दर्ता तथा नविकरण | ५०००।- | ५०००।- | |
| १३ | अस्पताल तथा नर्सिङहोम प्रति शैया स्थापनाका लागि दर्ता दस्तुर | ४०००।- | ४०००।- | |
| | अस्पताल तथा नर्सिङहोम प्रति शैया नविकरण दस्तुर | ५००।- | ५००।- | |
| | डायग्नोष्टिक सेन्टर प्रति शैया स्थापनाका लागि दर्ता दस्तुर | १००००।- | १००००।- | |
| | डायग्नोष्टिक सेन्टर प्रति शैया नविकरण दस्तुर | १०००।- | १०००।- | |
| | पोलिक्लिनिक/क्लिनिक प्रति शैया स्थापनाका लागि दर्ता दस्तुर | १००००।- | १००००।- | |
| | पोलिक्लिनिक/क्लिनिक प्रति शैया नविकरण दस्तुर | १०००।- | १०००।- | |
| | आयुर्वेद अस्पताल/वैकल्पिक चिकित्सा प्रति शैया स्थापनाका लागि दस्तुर | २०००।- | २०००।- | |
| | आयुर्वेद अस्पताल/वैकल्पिक चिकित्सा प्रति शैया नविकरण दस्तुर | ५००।- | ५००।- | |
| | आयुर्वेद क्लिनिक/डेन्टल क्लिनिक | ५०००।- | ५०००।- | |
| | आयुर्वेद क्लिनिक नविकरण प्रति शैया | ५००।- | ५००।- | |
| १४ | औषधी पसल/ एग्रोभेट होलसेल | २७५०।- | २७५०।- | |
| १५ | औषधी पसल/एग्रोभेट सानो शहरी क्षेत्रको | २०००।- | २०००।- | |
| १६ | औषधी पसल/एग्रोभेट सानो ग्रामिण क्षेत्रका | ५००।- | ५००।- | |
| १७ | वैदेशिक रोजगार सेवा | १०००।- | १०००।- | |



CS CamScanner

| सि. नं. | राजस्वको क्षेत्रहरू<br>व्यवसाय दर्ता तथा नविकरण वार्षिक | | आ.व. २०८०/०८१ को दर | आ.व. २०८१।८२ को दर | कैफियत |
|---|---|---|---|---|---|
| १८ | रेडियो पेजिङ | | ५००।- | ५००।- | |
| १९ | शिक्षा सेवा अर्न्तगत निजि क्षेत्रबाट संचालीत | क्याम्पस स्तर | १००००।- | १००००।- | |
| | | मा.बि.स्तर /प्राबिधिक शिक्षालय | १००००।- | १००००।- | |
| | | आधारभूत तह(कक्षा १-८) स्तर | ६०००।- | ६०००।- | |
| | | आधारभूत तह(कक्षा १-५) | ४०००।- | ४०००।- | |
| | | मन्टेश्वरी,पूर्व प्रा.बि. | ३०००।- | ३०००।- | |
| | | भाषा,कम्प्युटर,ट्युसन सेन्टर,ट्रेनिङ सेन्टर,इन्स्टीच्युट,शिपमुलक तालिम संचालन | ५०००।- | ५०००।- | |
| २० | | निजि क्षेत्रका छात्राबास संचालन | ३०००।- | ३०००।- | |
| २१ | ड्राईभिङ स्कुल | (जिप,कार,मो.सा.,टेम्पो,स्कुटी आदि) | ३०००।- | ३०००।- | |
| २२ | संचार क्षेत्र | छापा माध्यम | ५००।- | ५००।- | |
| | | बिद्युतीय माध्यम | १०००।- | १०००।- | |
| २३ | होटल क्षेत्र | १० कोठा भन्दा बढी क्षमता भएको | ५०००।- | ५०००।- | |
| | | १० कोठा भन्दा कम क्षमता भएको | ३०००।- | ३०००।- | |
| २४ | मदिरा जन्य व्यसाय | मदीरा अधिकृत बिक्रेता | १०,०००।- | १०,०००।- | |
| | | खुद्रा बिक्रेता | ७०००।- | ७०००।- | |
